नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग

# जिल्ला शिक्षा कार्यालय

तहाचल, काठमाण्डौ

**योजना तथा कार्यक्रम शाखा**

फोन ०१४२८२९८५
फोन ०१४२८४५९९

प.सं.
च.नं.

**२०७४ श्रावण ३**

**विषय : निर्देशन वारे ।**

**श्री सामुदायिक विद्यालयहरु**
ऐ ऐ ठेगाना , काठमाडौ

प्रस्तुत विषयमा आ.व २०७३/०७४ मा विद्यालय निकासा भएका तपसील अनुसारका शिर्षकगत कार्यक्रमहरु तोकिएको मापदण्ड र शर्त अनुसार प्रभावकारीरुपमा कार्यान्वयन गर्न गराउन हुन र कार्य सम्पन्न प्रतिवेदन अनिवार्यरुपमा योजना तथा कार्यक्रम शाखामा पेश गर्न निर्देशन सहित अनुरोध छ ।

**प्रकाश सापकोटा**
**जिल्ला शिक्षा अधिकारी**

**तपसील**

| सि.न . | कार्यक्रम | रकम रु | कार्यान्वयनका लागि शर्त र प्रक्रिया.................. |
|---|---|---|---|
| प्रथमत : जि.शि.का.वाट निकासा भएको कार्यक्रम र वजेट वा कार्यक्रमगत अनुदान रकम विव्यसको वैठकवाट निर्णय गरी गराई कार्यक्रम कार्यान्वयन निर्देशिका २०७३/०७४ मा तोकिएको नर्म्स/मापदण्ड अनुसार प्रक्रिया पुऱ्याई (कार्यक्रमको प्रकृति अनुसार कार्यान्वयन योजनाको तयारी सहित ) प्रभावकारीरुपमा खर्च व्यवस्थापन गर्न हुन् । पुनश्च : भौतिक पूर्वाधार अर्थात फिक्सीगं , प्रयोगशाला र पुस्तकालय सामग्री व्यवस्थापन केन्द्रित कार्यक्रमको हकमा कार्य सम्पन्न प्रतिवेदनमा तस्वीर अनिवार्य समावेश गर्न हुन । | | | |
| १ | वाल विकास पारिश्रमिक (सवै) | प्रति कोटा १ जना ( मासिक रु ६०००) १३ महिनाको लागि | नियमानुसार प्रक्रियागत विव्यसको निर्णय र प्र.अ.वाट सहयोगी कार्यकर्ता नियुक्ती ,जि.शि.का.मा जानकारी र निजको लागि मासिक पारिश्रमिक माग , रुजु हाजिरीको आधारमा मासिकरुपमा १३ महिनाको पारिश्रमिक भुक्तानीको व्यवस्थापन गर्न हुन । |
| २ क | कर्मचारी पारिश्रमिक : प्रशासन सहायक) अनुदान (माध्यमिक विद्यालय) | प्रति विद्यालय १ जना - मासिक रु ११५००) १३ महिनाको लागि | नियमानुसार प्रक्रिया पुऱ्याई विव्यसको निर्णय र प्र.अ.वाट नियुक्ती , जि.शि.का.मा जानकारी र निजको लागि चौमासिक पारिश्रमिक माग , रुजु हाजिरीको आधारमा मासिकरुपमा १३ महिनाको पारिश्रमिक भुक्तानीको व्यवस्था गर्न हुन् । तर अलग्गै लेखा सहायक नराखी सरकारी अनुदानवाट तलव सुविधा लिएका शिक्षकवाट कार्य गएिको अवस्थामा दोहोरो सुविधा उपलब्ध गर्न नपाइने यद्यपि दोहोरो सुविधा भुक्तानी भएमा सरकारी वांकी सरह विद्यालयले असुल गर्न पर्नेछ । |
| २ ख | कर्मचारी पारिश्रमिक : विद्यालय सहयोगी अनुदान | प्रति विद्यालय १ जना -मासिक रु ७५००, ४५०० , ४००० र २००० | नियमानुसार प्रक्रिया पुऱ्याइ विव्यसको निर्णय र प्र.अ.वाट नियुक्ती , जि.शि.का.मा जानकारी र निजको लागि चौमासिक पारिश्रमिक माग , रुजु हाजिरीको आधारमा तोकिए वमोजिम १३ महिनाको पारिश्रमिक भुक्तानीको व्यवस्था गर्न हुन् (कक्षा |

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग

# जिल्ला शिक्षा कार्यालय

तहाचल, काठमाण्डौ

फोन ०१४२८२९८५
फोन ०१४२८४५९९

**योजना तथा कार्यक्रम शाखा**

प.सं.
च.नं.

| | | | |
|---|---|---|---|
| | | । १३ महिनाको लागि | १-१० र १-१० , १-८) को लागि ७५०० र १-५ , १-४ र १-२)को क्रमशः ४५००, ४००० र २०००। |
| ३ | निःशुल्क पाठ्यपुस्तक अनुदान (सवै) | प्रतिविद्यार्थी सेटगत (जशिसाकेको मुल्य , कक्षा ( १-१०) क्रमशः :२७०, २६१, १५८, २०५, २२२,४०९,४५७,४९३, ३५० र ४९२ | प्रथम पटक ७५ प्रतिशत निकासा भएको वा हुने र सोही वमोजिम पा.पु अनिवार्यरुपमा भर्नाको समयमा वितरणको व्यवस्था मिलाउन हुन् । नपुगको लागि पा.पु खरिद वील र विद्यार्थीहरुले पा.पु वा पा.पु.को लागि रकम वुझेको भरपाईको प्रतिलिपी सहित नपुग रकम एकिन गरी जि.शि.का.मा माग गर्ने र जि.शि.का.वाट पुनः निकासा भए पश्चात पूर्ववितरित पा.पु.को सोधभर्नाको व्यवस्थापन गर्न हुन । |
| ४ | निःशुल्क पाठ्यपुस्तक (कक्षा ११ र १२) | प्रति विद्यालय रु ५०,००० ( दलित र छात्राका लागि) | एकमुष्ठ रु ५०००० वाट कक्षा ११ र १२ का लागि आवश्यक पर्ने पाठ्य सामग्री अर्थात पाठ्यपुस्तक खरिद गरी पुस्तकालय व्यवस्थापन गर्ने । विशेष गरी दलित र छात्राहरुलाई पुस्तक उपलब्ध गराई पठनपाठनको अवसर सुनिश्चित गर्न हुन् । सो जानकारी सहित खरिद वीलको प्रमाणित प्रतिलिपि जि.शि.का मा पेश गर्न हुन । |
| ५ | विद्यालय मसलन्द ( कक्षा १-५, १-८, १-१० र १-१२) | प्रति विद्यालय क्रमशः १५०००, २०,०००, २५,००० र ३०,००० | वर्षिकरुपमा तहगत एवम् कक्षागतरुपमा सञ्चालनको लागि अनुमति प्राप्त विद्यालयहरुमा मसलन्द वापत निकासा भएको रकमवाट विद्यालय व्यवस्थापन एवम् प्रशासकिय कार्य प्रयोजनार्थ आवश्यक खर्च व्यवस्थापन गर्न हुन । |
| ६ | आधारभूत तह छात्रवृत्ति (छात्रा, दलित , अपागं र सिमान्तकृत (आधारभृत विद्यालय) | प्रति विद्यार्थी रु ४०० (सवै) र अपागंताको अवस्था अनुसार ५०००, ३००० र ५०० (कोटा) | विद्यालयमा अध्ययनरत र नियमित उपस्थित हुने अर्थात कक्षा नछाडेका विद्यार्थीहरु ( सवै छात्रा , दलित र सिमान्तकृत ) हरुका लागि सूचना पाटीमा सूचना प्रकाशित गरी अभिभावकको रोहवरमा उपयुक्त समयमा भरपाई सहित प्रति विद्यार्थी रु ४०० उपलब्ध गर्न गराउन हुन् र सोको अभिलेख सुरक्षितरुपमा राख्न हुन् । अपागंता परिचय पत्रको आधारमा क , ख र ग श्रेणीका अपागं अध्ययनरत अपागं वालवालिकाहरुलाई क्रमशः रु ५०००, ३००० र ५०० अभिभावकको रोहवरमा उपलब्ध गर्न गराउन हुन् । क र ख श्रेणीको सुविधा प्राप्त गर्ने वालवालिकाहरुको नाम नामेसी सहित भरपाईको प्रतिलिपि जि.शि.का.मा पेश गर्न हुन । |
| ७ | माध्यमिक तह छात्रवृत्ति (माध्यमिक जेहन्दार, दलित, सिमान्तकृत र अपागं (माध्यमिक | प्रति विद्यार्थी रु १७००(कोटा) , ५००(सवै) , सिमान्तकृत १७०० (कोटा) र | जि.शि.का. वाट प्राप्त कोटा र रकम अनुसार माध्यमिक छात्रवृत्ति अर्थात जेहन्दार छात्रवृत्ति प्रति विद्यार्थी रु १७०० ( तोकिएको कोटा अनुसार ), दलित वालवालिका सवैलाई रु ५०० र सिमान्तकृत वालवालिकालाई रु १७०० सूचना पाटीमा टांस गरी अभिभावकको रोहवरमा भरपाई सहित |

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग

# जिल्ला शिक्षा कार्यालय

तहाचल, काठमाण्डौ

फोन ०१४२८२९८५
फोन ०१४२८४५९९

**योजना तथा कार्यक्रम शाखा**

प.सं.
च.नं.

| | | | |
|---|---|---|---|
| | विद्यालय) | अपागंताको अवस्था अनुसार ५०००, ३००० र ५०० (कोटा) | वितरणको व्यवस्था मिलाउन हुन् ।अपागंको हकमा आधारभूत तहको जस्तै प्रक्रिया अपनाउन हुन । |
| ८ | निरन्तर विद्यार्थी मुल्यांकन अनुदान (सवै) | प्रति विद्यार्थी रु १०० | कक्षा १ मा नया भर्ना भएको विद्यार्थीको लागि निरन्तर मुल्यांकन अभिलेख व्यवस्थापनको लागि कार्यसञ्चयिका र आवश्यक मुल्यांकनका साधनहरु वा फारामहरुको व्यवस्था गर्न हुन् । साथै कक्षा २ देखि ७ सम्मको लागि प्रत्येक विद्यार्थीको निरन्तर अभिलेख अद्यावधिक गर्नका लागि खर्च व्यवस्थापन गर्न हुन । |
| ९ | विद्यालय सुधार योजना , अतिरिक्त क्रियाकलाप र स्थानीय क्षमता विकासका लागि अनुदान ( आधारभूत र माध्यमिक विद्यालय) | प्रति विद्यालय रु २०,००० माध्यमिक विद्यालय र १०,००० आधारभूत विद्यालय | तहगत विद्यालयलाई उपलब्ध रु २०,००० र १०,००० वाट चालु आ.व वर्षको जेष्ठ मसान्त भित्र विद्यालय सुधार योजना निर्माण गर्न र उपयुक्त समयमा अतिरिक्त क्रियाकलाप र विव्यस पदाधिकारीको क्षमता विकास सम्बन्धि कार्यक्रम सञ्चालनका लागि खर्च व्यवस्थापन गर्न हुन । । |
| १० | सामाजिक परीक्षण , लेखा परीक्षण र तथ्यांक अद्यावधिक अनुदान (आधारभूत र माध्यमिक विद्यालय ) | प्रति विद्यालय रु ११००० माध्यमिक विद्यालय र ८००० आधारभूत विद्यालय | तहगत विद्यालयलाई उपलब्ध रु ११००० र ८००० वाट चालु शैक्षिक वर्षको भाद्र मसान्त भित्र सामाजिक परीक्षण कार्य सम्पन्न गरी सम्बन्धित स्रोतकेन्द्र मार्फत जि.शि.का.मा प्रतिवेदन पेश गर्न हुन् । यसको अतिरिक्त अन्तिम लेखा परीक्षण र तथ्यांक अद्यावधिक गर्नका लागि खर्च व्यवस्थापन गर्न हुन । |
| ११ क | विज्ञान प्रयोगशाला फिक्सीगं र सामग्री व्यवस्थापन (नमूना विद्यालय) | प्रति माध्यमिक विद्यालय रु १३,००,००० | अगुवा एवम् नमूना विद्यालयका लागि निकासा भएको रकमवाट तोकिएको विज्ञान प्रयोगशाला , पुस्तकालय र ICT Labको फिक्सिगं गर्न , उपयुक्त र गुणस्तरीय सिकाई सामग्रीको व्यवस्थापन गर्न हुन् । नमूना विद्यालयको रुपमा स्थापित र गुणस्तरीय शैक्षिक अवसर सुनिश्चतता को लागि सम्बन्धित नमूना विद्यालयले उक्त कार्यक्रम कार्यान्वयन कार्ययोजना सहित दिर्घकालिन मास्टर प्लान तयारी गरी जि.शि.का.मा पेश गर्ने र जि.शि.का.वाट अनुमति भए पश्चात कार्ययोजना वमोजिम कार्य सम्पन्न गर्न गराउन हुन् । कार्य सम्पन्न प्रतिवेदनमा कार्यक्रम तथा वजेटको प्राप्ती र कार्य सम्पन्न भएको आधार विव्यसको निर्णयमा स्पष्ट गर्न हुन । |
| ११ ख | पुस्तकालय फिक्सीगं र सामग्री व्यवस्थापन (नमूना विद्यालय) | प्रति माध्यमिक विद्यालय रु ६५०,००० | |
| ११ ग | ICT प्रयोगशाला फिक्सीग व्यवस्थापन (नमूना विद्यालय) | प्रति माध्यमिक विद्यालय रु ९००,००० | |
| १२ क | प्राविधिक धार सञ्चालन र | क्रमागत प्रति विद्यालय | प्राविधिक धार तर्फको तोकिएको शैक्षिक कार्यक्रमको व्यवस्थापन र सञ्चालनका लागि प्रयोगशाला र आवश्यक |

| | | | |
|---|---|---|---|
| | व्यवस्थापन अनुदान ( प्राविधिक शैक्षिक कार्यक्रम सञ्चालन माध्यमिक विद्यालय) | सिभिल इन्जियिरिङ तर्फ २०,००,००० कृषि र कम्प्युटर तर्फ १०,००,००० पहिलो वर्ष सवै विद्यालयका लागि २०,००००० | अभ्यास सामग्री सहित व्यवस्थापनका लागि कार्ययोजना तयार गरी जि.शि.का.मा पेश गर्ने र सो अनुसार अनुमति प्राप्त भए कार्य सम्पन्न (प्रचलित आर्थिक नियमानुसार)गर्न गराउन हुन् । कार्य सम्पन्न पश्चात खर्च वील भरपाईको प्रतिलिपि र कार्य सम्पन्न प्रतिवेदन ( विव्यसको निर्णय समेत) जि.शि.का. योजना तथा कार्यक्रम शाखामा पेश गर्न हुन । |
| १२ ख | प्रशिक्षण सहायक र ओजेटी अनुदान (प्राविधिक शैक्षिक कार्यत्रम सञ्चालन विद्यालय ) | प्रति विद्यार्थी रु ११००० अनुदान (अधिकतम विद्यार्थी संख्या ४८) | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरुमा १ जना प्रशिक्षण सहायकका लागि (प्रा.शि सरह ) १३ महिनाको लागि पारिश्रमिक भुक्तानीको व्यवस्था गर्न हुन् । यसको साथै एस इ इ परीक्षा पश्चात ओजेटी कार्यक्रम (परीक्षर्थी को लागि तोकिएको भैपरी खर्च एवम् खाजा सुविधा र आन्तरिक/वाह्य मुल्याकंन समेत ) सोही वजेटवाट व्यवस्थापन गर्न हुन । |
| १३ | दलित छात्रवृति माध्यमिक शिक्षा परीक्षा उर्त्तीण (कक्षा ११ र १२ | प्रतिविद्यार्थी रु ६७०० (कोटा) ( शि.वि वाट प्राप्त) | एस इ इ उर्तीण गरी कक्षा ११ अध्ययन गरेका ८० प्रतिशत उपस्थिति भएका दलित छात्राछात्रहरु मध्ये विद्यालयमा उपलब्ध कोटा संख्या अनुसार जेहन्दार विद्यार्थीलाई एकमुष्ठ रकम रु ६७००। निजको वैक खाताको माध्यमवाट भुक्तानीको व्यवस्था गर्न हुन् । सो सुविधा प्राप्त गर्ने विद्यार्थीको नामावली जि.शि.का. योजना तथा कार्यक्रम शाखामा पेश गर्न हुन । |
| १४ | विज्ञान तथा आइसिटी ल्याव व्यवस्थापन अनुदान | प्रति माध्यमिक विद्यालय रु ८००००० (शि म वाट प्राप्त) | विव्यसको निर्णय सहित शिक्षा मन्त्रालयमा पेश कार्यक्रम प्रस्ताव अनुसार कार्य सम्पन्न गर्न हुन् । कार्य सम्पन्न भए पश्चात आवश्यक वील र भरपाई सहित कार्य सम्पन्न प्रतिवेदन जि.शि.का.मा पेश गर्न हुन । |
| १५ | TRUSS Building & Rehab | प्रति कोटा न्यूनतम देखि अधिकतम क्रमश: रु ३३० हजार , ४८३ हजार , ५६० हजार , ७२५ हजार | Truss Building निर्माणको लागि निकासा भएको रकम रु ७२५ वाट तोकिएको मापदण्ड र डिजाइन अनुसार प्राविधिक कर्मचारीको सुपरीवेक्षणमा कार्य सम्पन्न गर्न गराउन हुन । मर्मतका लागि विद्यालयलाई निकासा भएको रकमवाट मर्मत गर्नु पर्ने कार्यहरुको सुनिश्चित गरी त्यसको खर्च लागत समेट इष्टमेट गरी प्राविधिक कर्मचारीको प्राविधिक परामर्श र सहायतमा कार्य सम्पन्न गर्न हुन । उक्त निर्माण एवम् मर्मत कार्य सम्पन्न भए पश्चात प्राविधिक कर्मचारीको सिफारिश सहित तस्वीर समेत राखि कार्य सम्पन्न प्रतिवेदन जि.शि.का.मा पेश गर्न हुन । |
| १६ | एसएलसी परीक्षा केन्द्रका लागि | प्रति विद्यालय रु १५०,०००। | एस इ इ र एस एल सी परीक्षाको सञ्चालन र व्यवस्थापन गर्ने तोकिएका विद्यालयको लागि प्रथम पटक उपलब्ध |

| | | | |
|---|---|---|---|
| | फर्निचर सहयोग र स्तरोन्नति अनुदान - माध्यमिक विद्यालय | | फर्निचर सहयोग अनुदानवाट विव्यसको निर्णयवाट विद्यालयमा आवश्यक फर्निचर सेट निर्माण वा मर्मत संभार ( प्रचलित मापदण्ड र नर्म्स अनुसार ) गरी गराई परीक्षाको समयमा फर्निचरको अभाव नहुने वातावरणको सुनिश्चित गर्न हुन । |
| १७ | उपचारात्मक शिक्षण सिकाई अनुदान (माध्यमिक विद्यालय) | प्रति विद्यालय रु २५००० | विशेष गरी सिकाई अवसर विहिन क्षेत्रमा रहेका विद्यालयमा अध्ययनरत कक्षा १० छात्राहरुलाई केन्द्रित गरी तुलनात्मकरुपमा कठीन विषय एवम् सिकाई उपलब्धी न्यून भएका विषयहरु अतिरिक्त सिकाई र थप सहयोगको लागि अर्थात एस इ इ सहायता केन्द्रित कार्यक्रमको लागि खर्च व्यवस्थापन गर्न हुन् । त्यसको लागि विद्यालयले कति छात्राको लागि , कुन कुन विषयमा के कस्ता सिकाई साहयता कार्यक्रम गर्ने हो र कसरी सहायता गर्ने हो ? सोको एकीन गरी कार्य सम्पन्न विवरण जि.शि.का.मा पेश गर्न हुन । |
| १८ क | ननसेलरी पिसिएफ अनुदान ( सिकाई सामग्री , गुणस्तर अभिवृद्धि अनुदान ) वालविकास कक्षा | प्रति विद्यार्थी रु ५०० (कोटा) | इसिडिमा भर्ना भएका वालवालिकाहरुको लागि सिकाई र सरसफाई सामग्री व्यवस्थापनका लागि सम्बन्धित सहयोगी कार्यकर्ताको राय सुझाव र वालवालिकाहरुको आवश्यकता अनुसार विव्यस वा कक्षा व्यवस्थापन समितिको निर्णय अनुसार खर्च व्यवस्थापन गर्न हुन । |
| १८ ख | ननसेलरी पिसिएफ अनुदान (शैक्षिक सामग्री व्यवस्थापन एवम् गुणस्तर अभिवृद्धि अनुदान) कक्षा (१-५) र (६-८) | प्रति विद्यार्थी रु १५० र २०० | विद्यालयमा सञ्चालित शैक्षिक कार्यक्रम अर्थात शिक्षण सिकाई कार्यक्रमको प्रभावकारीता र गुणस्तरीय शैक्षिक अवसर प्रदान गर्न विषय शिक्षक र सिकारुहरुलाई आवश्यक पर्ने पाठ्य सामग्री एवम् शिक्षण सिकाई सहायता र सहयोग सामग्री विषय शिक्षकको माग अनुसार व्यवस्थापन गर्न हुन् । जुन कक्षा शिक्षणमा अनिवार्यरुपमा प्रयोग र उपयोग हुनु र गर्नु पर्नेछ । उपलब्ध वजेट प्रयोग र उपयोग विहिन सामग्री , शिक्षक तलव र भौतिक पूर्वाधार विकासमा खर्च नगर्न हुन् । उक्त वजेटवाट के कस्ता र कति परिमाणमा शिक्षण सहायता सामग्रीहरु व्यवस्थापन भए सो सूची जि.शि.का पेश गर्न हुन । |
| १८ ग | ननसेलरी पिसिएफ अनुदान (शैक्षिक सामग्री व्यवस्थापन एवम् गुणस्तर अभिवृद्धि अनुदान) कक्षा (९-१०) र (११-१२) | प्रति विद्यार्थी रु २०० र २५० | शिक्षण सिकाई कार्यको प्रभावकारीता र गुणस्तरीय शैक्षिक अवसर प्रदान गर्न विषय शिक्षक र सिकारुहरुलाई आवश्यक पर्ने पाठ्य सामग्री एवम् शिक्षण सिकाई सहायता र सहयोग सामग्री विषय शिक्षकको माग अनुसार व्यवस्थापन गर्न हुन् । जुन कक्षा शिक्षणमा अनिवार्यरुपमा प्रयोग र उपयोग हुनु र गर्नु पर्नेछ । उपलब्ध वजेट प्रयोग र उपयोग विहिन सामग्री , शिक्षक तलव र भौतिक पूर्वाधार विकासमा खर्च नगर्न हुन् । उक्त वजेटवाट के कस्ता र कति परिमाणमा शिक्षण सहायता |

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग

# जिल्ला शिक्षा कार्यालय

तहाचल, काठमाण्डौ

फोन ०१४२८२९८५
फोन ०१४२८४५९९

**योजना तथा कार्यक्रम शाखा**

प.सं.

च.नं.

| | | | |
|---|---|---|---|
| | | | सामग्रीहरु व्यवस्थापन भए सो सूची जि.शिका मा पेश गर्न हुन । |
| १९ | विषयगत प्रयोगशाला व्यवस्थापन अनुदान (माध्यमिक विद्यालय) | प्रति विद्यालय रु १५०,००० | विद्यालयले प्रस्ताव गरे वमोजिम विज्ञान , गणित र अंग्रेजी विषय मध्ये जुन विषयमा प्रयोगशाला सामग्री व्यवस्थापन गर्ने भनिएको हो सोही प्रस्तावमा पेश स्फिेसीफिकेशन सूची सहित विषयगत प्रयोगशाला सामग्री (खरिद एवम् निर्माण र संकलन) व्यवस्थापन गर्न हुन् । कार्य सम्पन्न भए पश्चात कार्य सम्पन्न प्रतिवेदन जि.शि.का.मा पेश गर्न हुन । |
| २० | ICT Kit व्यवस्थापन अनुदान (सवै) | प्रति विद्यालय रु १४०,००० | दैनिक शिक्षण सिकाईमा ICT वा श्रव्यदृश्य विद्युतीय सामग्रीको प्रयोग र उपयोगको लागि उपलब्ध वजेटवाट न्यूनतम सामग्रीहरु : जस्तै १ वटा प्रोजेक्टर , १ थान ल्यापटप, Pendrive र पावरसेट सहित सिकारु मैत्री डिजिटल सिकाई सामग्रीहरुको व्यवस्थापन गर्न हुन् । विव्यस , शिक्षक र सिकारु प्रतिनिधिको सामुहिक वैठकवाट विद्यमान आवश्यकता र प्राथमिकताको आधारमा कार्य सम्पन्न गर्न हुन् । उक्त व्यवस्थापन गरिएको सामग्रीको सूची र वीलको प्रतिलिपि जि.शि.का.मा पेश गर्न हुन । |
| २१ | विज्ञान शिक्षक, प्रशिक्षक र सहायक प्रशिक्षकका लागि तलव भत्ता **TVE School** | प्रचलित तहगत तलव र भत्ता वमोजिम | जि.शि.का.वाट प्राप्त शिक्षक व्यवस्थापनका लागि प्राप्त अनुमति पत्र , विव्यसको निर्णय र शिक्षकको नियुक्ति पत्र ( प्रथम पटकका लागि ) नियमित उपस्थितिको एकीन विवरण सहित तोकिएको ढांचामा तलवी माग फाराम जि.शि.का. पेश गर्न हुन् । जि.शि.का.वाट उपलब्ध तलव अनुदानवाट प्रचलित तलवमान अनुसार भुक्तानीको व्यवस्था मिलाउन हुन । |
| २२ | सट्टा शिक्षकका तलव भत्ता | प्रचलित तहगत तलव र भत्ता वमोजिम | जि.शि.का. वाट प्राप्त अनुमति पत्र , विव्यस को निर्णय र शिक्षक नियुक्ति पत्र अर्थात को कसको स्थानमा र कहिले देखि जस्ता पक्षहरु एकीन हुने कागजातहरु संलग्न राखि ( प्रथम पटकका लागि ) नियमिति उपस्थिति भएको एकीन विवरण सहित तोकिएको ढांचामा सट्टा शिक्षकको लागि तलवी माग फाराम जि.शि.का.मा पेश गर्ने । जि.शि.का.वाट निकासा प्राप्त भए पश्चात प्रचलित नर्म्स र तवल मान अनुसार भक्तानीको व्यवस्थापन गर्न हुन । |